# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, बैशाख २० गते, २०७६ साल (अतिरिक्ताङ्क १

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७६ सालको ऐन नं. १

# <u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>**: प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ७ मा संशोधन</u>**: प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को उपदफा (१) मा भएको प्रतिबन्धात्मक वाक्याङ्‌श झिकी उक्त उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सभामुख, उप सभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्तापक्षको मुख्य सचेतक, विपक्षी दलको प्रमुख सचेतक र समितिका सभापतिहरुलाई सवारी साधन एक/एक र अनुसूची-१ मा उल्लेख भए बमोजिम इन्धन, मोविल र अनुसूची-२ मा उल्लेख

भए बमोजिमको हलुका सवारी चालक प्रदेश सभा सचिवालयले उपलब्ध गराउनेछ।"

३. **<u>मूल ऐनको दफा ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित अनुसूची-१ मा संशोधनः</u>**

(१) मूल ऐनको अनुसूची-१ मा रहेको क्र.सं. ७ को दलको प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी "दलको सचेतक" शीर्षक महलमा रहेको "१२५" भन्ने अङ्क झिकिएको छ।

(२) मूल ऐनको अनुसूची १ मा रहेको क्र.सं. ८ को "दलको प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक" शीर्षक महलमा रहेको "५" भन्ने अङ्क झिकिएको छ।

४. **<u>मूल ऐनको दफा ५ सँग सम्बन्धित अनुसुची-२ मा संशोधनः</u>** अनुसूची-२ मा रहेको क्र.सं. ३ को "उपसभामुख/विपक्षी दलको नेता" शीर्षक महलमा रहेको "१/१" भन्ने अङ्कको सट्टामा "२/१" भन्ने अङ्क राखिएको छ।

**प्रमाणिकरण मितिः २०७६।०१।२०**

**आज्ञाले,**

**राजकुमार श्रेष्ठ**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-